सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.सः २०७९।०८०

च.न. २१४३

मितिः २०८०।०२।२८

श्री बिषयगत शाखाहरु-सरुमारानी गाउँपालिका, प्यूठान

श्री वडा कार्यालयहरु सबै

सरुमारानी गाउँपालिका, प्यूठान ।

**बिषयः निर्णय प्रतिलिपि पठाईएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८०।०२।२५ गतेको बैठकको निर्णय प्रतिलिपि आवश्यक जानकारी एवं कार्यान्वयनको लागी पठाईको ब्यहोरा अनुरोध छ ।

..............................

(देविराम पाठक)

प्रमुख प्रशासकीय अधिकृत

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

## गाउँकार्यपालिकाको मिति २०८०।०२।२५ गतेको बिसौं बैठकका प्रस्तावहरु

१. हाल सम्मको प्रगति समिक्षा सम्बन्धमा ।

२. बाखा प्रवर्द्धन कार्यक्रममा पेश भएका आवेदन छनोट सम्बन्धमा।

३. स्थानीय पाठ्यपुस्तक स्वीकृत र पाठ्यपुस्तक छपाई सम्बन्धमा ।

४. स्रोतकेन्द्र निर्देशक समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।

५. मध्यमकालिन खर्च संरचना कार्यदल गठन सम्बन्धमा ।

६. रक्त संचार केन्द्र (ब्लड बैंक) सहयोग सम्बन्धमा ।

७. विधालयको दरबन्दी परिबर्तन सम्बन्धमा ।

८. गाउँसभा सचिवालय गठन र गाउँसभा सम्बन्धमा ।

९. आर्थिक सहयोग सम्बन्धमा ।

१०. विविध सम्बन्धमा ।

- सभाहलमा साउन्ड सिस्टम सम्बन्धमा ।
- प्यूठान महोत्सबको खर्च सम्बन्धमा ।
- उद्यम विकास सहजकर्ताको नपुग तलव सम्बन्धमा ।
- जिल्ला खेलकुद परिषदलाई सहयोग सम्बन्धमा ।
- ILG Profile का गणकहरुको पारिश्रमीक सम्बन्धमा ।
- निशुल्क पाठ्यपुस्तक अनुदानमा नपुग रकम सम्बन्धमा ।
- अन्य विषयहरु

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

खड्ग बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

गङ्गा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

बैठक संख्या-२०

## गाउँकार्यपालिकाको बिसौं बैठकका निर्णयहरु-२०८०।०२।२५ गते

### निर्णय नं. १ गत बैठक र हाल सम्मको समिक्षा सम्बन्धमा ।

प्रस्ताव न.१ माथि छलफल गर्दा यस सरुमारानी गाउँकार्यपालिकाको मिति २०८०।०१।२९ गतेको बैठकमा भएका निर्णय मध्ये सबै निर्णयहरु कार्यान्वयन भएको/प्रकृयामा गएको विषयमा जानकारी भयो ।साथै गाउँपालिका तथा वडा स्तरबाट योजना तथा कार्यक्रमहरुको कार्यान्वयन तथा प्रगतिको बारेमा समिक्षा गरियो ।

### निर्णय नं. २ बाखा प्रवर्द्धन कार्यक्रममा पेश भएका आवेदन छनोट सम्बन्धमा।

प्रस्ताव नं. २ माथि छलफल गर्दा सरुमारानी गाउँपालिकाको आ.व.२०७९/०८० को प्रदेश शसर्त बजेट अन्तर्गतको बिरिंगकोट राङ्गभाङ्ग अति विपन्न वर्ग लक्षित बाखा प्रवर्द्धन कार्यक्रम संचालनका लागि मिति २०८०/०१/२६ गते प्रकाशित सूचना अनुसार पेश हुन आएका तपशिलका आवेदकहरु छनौटका लागि आर्थिक विकास समितिको बैठकबाट सिफारिस भए अनुसारको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो।

तपशिल :

| क्र.स. | कृषक समूहको नाम | समूह अध्यक्षको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | श्री पुर्णिमा कृषि तथा पशुपालन कृषक समूह | मायादेवी सोमै मगर | सरुमारानी -५ बिरिंगकोट राङ्गभाङ्ग | रु.पाचलाख |
| २. | श्री बिरिंगकोट राङ्गभाङ्ग पशुपालन उद्यमी कृषक समूह | लिला कुमारी कामी | सरुमारानी -५ बिरिंगकोट राङ्गभाङ्ग | रु.पाचलाख |

### निर्णय न. ३ स्थानीय पाठ्यपुस्तक स्वीकृत र पाठ्यपुस्तक छपाई सम्बन्धमा ।

प्रस्ताव न.३ माथी छलफल गर्दा यस गाउँपालिका शिक्षा शाखाबाट तयार गरिएको कक्षा १-५ सम्मको हाम्रो सरुमारानी हाम्रो गौरव नामको स्थानीय पाठ्यपुस्तकलाई स्वीकृत गर्ने र पुस्तक तथा सामाग्री खर्च शिर्षक र अपुग रकम ढुंगा गिट्टिवालुवाको रोयल्टी फिर्ता शिर्षकबाट पाठ्यपुस्तक छपाई गर्ने निर्णय गरियो ।

### निर्णयन. ४ स्रोतकेन्द्र निर्देशक समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।

प्रस्ताव न.४ माथी छलफल गर्दा यस गाउँपालिकाको कृषि तथा पशुपंक्षि विकास स्रोत केन्द्र निर्देशक समितिको मिति २०८०/२/१६ गतेको स्रोत केन्द्र संचालनको लागी जग्गा छनौट गर्ने र स्रोत



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

केन्द्रमा आ.ब.२०७९।०८० मा संचालन गरिने कार्यक्रम (विपन्न परिवार जिवन स्तर उत्थान कार्यक्रम र युवा तथा वेरोजगार ब्यक्ति सहयोग कार्यक्रम शिर्षक अन्तरगत कृषि क्षेत्रको कार्यक्रम) सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने साथै विपन्न परिवार जिवन स्तर उत्थान कार्यक्रम अन्तरगत पुर्वाधार विकास कार्यक्रम शिर्षकका गोठ/भकारो निर्माण, बारबन्देज/तारजाली र आवास गृह निर्माण(२ कोठे) लाई एकीकृत गरी कोटेशन विधिमार्फत काम गर्ने निर्णय गरियो ।

**निर्णय न. ५ मध्यमकालिन खर्च संरचना कार्यदल गठन सम्बन्धमा ।**

प्रस्ताव न.५ माथी छलफल गर्दा यस सरुमारानी गाउँपालिकाको मध्यमकालीन खर्च संरचना निर्माण सम्बन्धि अभिमुखिकरण २०८० जेष्ठ २३ गते सम्पन्न भयो । साथै स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन,२०७८ मा ब्यवस्था भए बमोजिम अन्तरशाखा समन्वय तथा सहजीकरण गरी शाखाहरुको विषयगत रुपमा एकीकृत गरी मध्यमकालीन खर्च संरचना निर्माण गर्न तपशिल बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपशिल

१. प्रमुख प्रशासकीय अधिकृत -संयोजक
२. विषयगत शाखा प्रमुखहरु-सदस्य
३. योजना शाखा प्रमुख-सदस्य सचिव

**निर्णय नं. ६ रक्त संचार केन्द्र सहयोग सम्बन्धमा ।**

प्रस्ताव न.६ माथी छलफल गर्दा नेपाल रेडक्रस सोसाहिटी जिल्ला शाखा प्यूठानको मिति २०८०।०२।०४ च.न. २२४ को पत्र अनुसार जिल्ला विपद ब्यवस्थापन समितिको बैठकमा भएको छलफल अनुसार प्यूठान जिल्लाको एक मात्र रक्त संचार केन्द्र(ब्लडबैंक)लाई अन्य संस्था अनुदान शिर्षकबाट रु.१५००००/- अनुदान सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७ विधालयको दरबन्दी परिबर्तन सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथी छलफल गर्दा श्री श्रमरानी मा.वि. सरुमारानी-६को मिति २०८०।२।४ को पत्र अनुसार विद्यालय ब्यवस्थापन समितिको निर्णय सहित गाउँपालिका अनुदान तर्फको स्वीकृत मा.वि. गणित शिक्षकको पदलाई परिबर्तन गरी नि.मा.वि.तह( आधारभुत तह)को गणित शिक्षकको पद कायम गरी पाउँ भनी माग गरेकोले माग अनुसार गाउँपालिका अनुदान शिर्षकको मा.वि. गणित शिक्षक पदलाई नि.मा.वि. गणित शिक्षकको पद कायम गर्ने निर्णय गरियो ।

**निर्णय न. ८ गाउँसभा सचिवालय गठन र गाउँसभा सम्बन्धमा ।**

प्रस्ताव न. ८ माथी छलफल गर्दा लुम्बिनी प्रदेश सरकारबाट स्वीकृत "गाउँ सभा/नगर सभा (काई सञ्चालन) कार्यविधि ऐन, २०७६"बमोजिम गाउँसभालाई ब्यबस्थित रुपमा संचालन गर्न तपशिल

दिविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत
गंगा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

बमोजिमको गाउँसभा सचिवालय गठन गर्ने, सचिवालयमा रही काम गर्ने कर्मचारीहरुको लागी कार्यालय समय र विदाको दिन समेत काम गर्नु पर्ने भएकोले निजहरुलाई नियमानुसार थप सुविधा उपलब्ध गराउने साथै सरुमारानी गाउँपालिकाको आ.व. २०८०।०८१ को निति तथा कार्यक्रम यस गाउँपालिकाको १३ औं गाउँसभाको बैठक २०८० असार ८ गते पेश गर्ने निर्णय गरियो ।

तपशिल

१. श्री देविराम पाठक -प्रमुख प्रशासकीय अधिकृत
२. श्री लक्ष्मण आचार्य-प्रशासन शाखा प्रमुख
३. श्री टोप बहादुर शाही-लेखा अधिकृत
४. श्री शिवराज न्यौपाने- सूचना प्रविधि अधिकृत
५. श्री लिलाराम सोमै-जिन्सी शाखा प्रमुख
६. श्री हिमाल शर्मा-लेखापाल
७. श्री घन बहादुर राना-कार्यालय सहयोगी
८. श्री गिता सारुमगर-कार्यालय सहयोगी

**निर्णय न. ९ आर्थिक सहायता सम्बन्धमा ।**

क) प्रस्ताव न.७ माथी छलफल गर्दा यस गाउँपालिकामा आर्थिक सहायताको लागी प्राप्त भएका निवेदन मध्ये निम्न ब्यक्तिहरुलाई सहयोग उपलब्ध गराउने/अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स. | बिमारी/निबेदकको नाम | ठेगाना | रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | नरमति विश्वकर्मा | वडा न. १ | १५००० | दिर्घरोग स्वास्थ्य सहायता |
| २ | खिम बहादुर दर्लामी | वडा न. ५ | १५००० | दिर्घरोग स्वास्थ्य सहायता |
| ३ | नमबहादुर खत्री | वडा न. ३ | १५००० | दिर्घरोग स्वास्थ्य सहायता |
| ४ | नमासरी राना | वडा न. ३ | १०००० | दिर्घरोग स्वास्थ्य सहायता |
| ५ | खड्क बहादुर राना | वडा न. ३ | १५००० | दिर्घरोग स्वास्थ्य सहायता |
| ६ | तुल्सी दर्लामी | वडा न. ३ | १५००० | दिर्घरोग स्वास्थ्य सहायता |
| ७ | मंगले राउत | वडा न. ३ | ५००० | विपन्न असहाय सहायता |
| ८ | सरिता विष्ट | वडा न. २ | ५००० | विपन्न असहाय सहायता |



देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत
गंगा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

दैविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

गगा बहादुर विश्वकर्मा
गा.पा. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ९ | नर बहादुर सुनार | वडा न. १ | १०००० | विपन्न असहाय सहायता |
| १० | शोभाराम गुरुङ्ग | वडा न. ३ | १०००० | विपन्न असहाय सहायता |
| ११ | प्रेम घर्तीमगर | वडा न. ६ | १०००० | विपन्न असहाय सहायता |
| १२ | लाली देवी सुनार | वडा न. ३ | ५००० | विपन्न असहाय सहायता |
| १३ | डेम बहादुर गुरुङ्ग | वडा न. ३ | ५००० | विपन्न असहाय सहायता |
| १४ | मोमिरन खातुन | वडा न. १ | ५००० | विपन्न असहाय सहायता |

ख) नेपाल प्रेस न्युनियन जिल्ला शाखा प्यूठानको लागी जिल्ला अधिबेशनको लागी रु.१०,०००/- अन्य संस्था अनुदानबाट सहयोग रकम उपलब्ध गरारउने निर्णय गरियो ।

## निर्णय न. १० बिबिध सम्बन्धमा ।

- **सभाहलमा साउन्ड सिस्टम सम्बन्धमा ।**
  यस सरुमारानी गाउँपालिकाको बहुउद्देश्यीय सभाहलमा साउण्ड सिष्टम जडान गर्ने र सो वापत लाग्ने अनुमानित रकम रु १५००००/- भैपरी आउने चालु शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।
- **प्यूठान महोत्सबको खर्च सम्बन्धमा ।**
  प्यूठान उद्योग बाणिज्य संघको आयोजनामा मिति २०७९ फागुन ४ गते देखी १४ गते सम्म विजुवारमा हुने स्वर्गद्धारी प्यूठान महोत्सव २०७९ को लागी रु.५००००/- अन्य संस्था अनुदान शिर्षकबाट सहयोग रकम उपलब्ध गराउने निर्णय गरियो ।
- **उद्यम विकास सहजकर्ताको नपुग तलव सम्बन्धमा ।**
  यस गाउँपालिकामा करार सेवामा कार्यरत उद्यम विकास सहजकर्ताहरुको नपुग तलब करार सेवाका कर्मचारीहरुको त.भ शिषर्कबाट भुक्तानी दिने निर्णय गरियो ।
- **जिल्ला खेलकुद समितिलाई सहयोग सम्बन्धमा ।**
  जिल्ला खेलकुद विकास समितिको मिति २०८०।०२।१९ गतेको पत्र अनुसार प्रदेश स्तरीय बाहौ राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा खर्च भएको विल मध्ये यस गाउँपालिकाको तर्फबाट रु.२५०००/- अन्य संस्था अनुदान शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।
- **ILG Profile का गणकहरुको पारिश्रमीक सम्बन्धमा ।**



दैविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

गगा बहादुर विश्वकर्मा

यस गाउँपालिकाको ILG Profile निर्माणको लागी छनौट भएका गणकहरु मध्ये काम सम्पन्न गरेका गणकहरुको लागी नियमानुसारको पारिश्रमिक रकम सेवा परामर्श शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

- निशुल्क पाठ्यपुस्तक अनुदानमा नपुग रकम सम्बन्धमा ।

  संघिय सशर्त अनुदान अन्तर्गत सार्वजनिक विधालयका विधार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान शिर्षकमा विनियोजित बजेट पाठ्यपुस्तकको लागी नपुग हुने भएकोले सो नपुग रकम तोकिएका विधार्थीको दिवा खाजाका लागी विधालयलाई अनुदान शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।
- अन्य विषयहरु

➢ यस गाउँपालिकाको चालु आ.व.२०७९।०८० को परम्परागत मारुनी/सोरठी नृत्य, पञ्चेबाजा संरक्षण प्रबर्धन कार्यक्रम शिर्षकमा विनियोजित रकम रु. १०००००/- बाट वडा न. ५ मा पंचेवाजा, वड न. ४ र ६ लाई सोरठीनाचको लागी आवश्यक सामाग्री खरिद गरी उपलब्ध गराउने निर्णय गरियो ।

➢ ४ नं. वडा कार्यालय जाने बाटो र कार्यालय परिसरको फिल्ड निर्माण योजनालाई कोटेशन विधिबाट काम गर्ने निर्णय गरियो ।

➢ संघिय विशेष अनुदान अन्तरगत युवा तथा वेरोजगार ब्यक्ति सहयोग सहयोग कार्यक्रम र बालबालिका लक्षित कार्यक्रम शिर्षकमा बाकी रहेको रकमबाट युवा तथा बालबालिकाहरुको लागी ३-५ दिने नेतृत्व विकास/क्षमता विकास सम्बन्धि तालिम संचालन गर्ने निर्णय गरियो ।

➢ टण्डन चौपारी बोधने खोला मो.बा. मर्मतको लागी रु ३००००/- विनियोजन गर्ने निर्णय गरियो ।

➢ आगामी आ.व.२०८०।०८१ को लागी मालपोत कार्यालय जस्पुर प्यूठानको मिति च.न.११९३ मिति २०८०।०२।२१ गतेको पत्र अनुसार जग्गाको मूल्यांकन दर माग भएको सन्दर्भमा यस गाउँपालिका भित्रको जग्गाहरुको मूल्यांकन दर निर्धारण गर्नको लागि वडा स्तरमा सर्वदलिय सर्बपक्षीय बैठक बसी २०८० जेष्ठ ३० गते सम्म गाउँपालिकालाई रायसुझाव प्रदान गर्न अनुरोध गर्ने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु सर्वसम्मत रुपमा गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा समापन गरियो

प्रमाणिकरण मिति २०८०/२/२६